# मिति २०७५।१०।१४ गते ओमसतिया गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु :

निर्णय नं. १ :- गाउँपालिका अन्र्तगत वडा नं. १ स्थित एन.आई.सी. एशिया बैंक लि. लाई गाउँपालिकामा शाखा कार्यालय विस्तार गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. २ :- नेपाल रेडक्रस सोसाईटी उप शाखा कार्यालय पडसरीलाई शैक्षिक क्रियाकलाप संचालन गर्न बिस हजार (२००००।-) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३ :- गाउँपालिकाको भवन शिलन्यास माघ महिना भित्र गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ :- (क) श्री रामजानकी मन्दिर रंगशाला, सभाहल व्यवस्थापन समितिबाट खेलकुद कला संस्कृति एवं कृषि प्रबर्धन गर्ने उद्देश्यले वडा नं. ६ नरैनापुरमा फागुन ३ गते देखि फागुन ११ गते सम्म संचालन गर्ने लागिएको कला संस्कृति, खेलकुद तथा कृषि प्रर्वधन महोत्सव २०७५ लाई रु. दश लाख (१००००००।-) कृषि पर्यटन गुरुयोजना निर्माणका लागि छुट्टाईएको बजेटबाट खर्च गर्ने गरी रकम विनियोजन गर्ने निर्णय गरियो । साथै मेला संचालन गर्न अनुमति दिने समेत निर्णय गरियो ।

ख) सिद्धार्थ जेसी.आई. सिद्धार्थ लेडी रुपन्देहीलाई स्मारिका प्रकाशनका लागि रु.दश हजार (१००००।-) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

ग) कृषक सेवा समिति रुपन्देहीको आयोजनामा मिति २०७५।०८।१९ गते संचालन गरिएको निशुल्क स्वास्थ्य सेवा तथा दन्त शिविर कार्यक्रमलाई विल भरपाई वापत खर्च रकम रु. तीस हजार छ सय (३०६००।-) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

घ) ओमसतिया गाउँपालिका वडा नं ५ गौरीमा रहेको समसानघाटलाई व्यवस्थित गरि दुई दुई (२/२ ) वटा सवदाह स्थल निर्माण गर्ने निर्णय गरियो ।

ङ) ओमसतिया गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरुको करार मसान्तमा समाप्त भएकोले निजहरुको करार अवधि आषाढ मसान्त सम्म थप गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत